नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
गोश्वारा हुलाक कार्यालय
प्रशासन तथा योजना शाखा

Email:generalpostofficenepal01@gmail.com
फोन नं. ४४१२९२४
४४४३९०९

डिल्लीबजार, काठमाडौं
नेपाल ।

पत्र संख्या : ०८०/८१
चलानी नं.: ८०

मिति: २०८०/०४/१९

विषय : सूचनाको अद्यावधिक विवरण पठाईएको सम्बन्धमा।

श्री राष्ट्रिय सूचना आयोग,
देवीनगर, बानेश्वर, काठमाडौं ।

प्रस्तुत विषयमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम यस कार्यालयको आ.व.०७९/८० को बैशाख देखि असार मसान्तसम्मको सार्वजनिक गरिएको सूचनाको अद्यावधिक विवरण पाना ९ यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ ।

(गोमा रिमाल)
सूचना अधिकारी

बोधार्थ :
श्री हुलाक सेवा विभाग,
बबरमहल, काठमाडौं ।

## सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५को नियम ३ बमोजिम सार्वजनिक गरिएको अद्यावधिक विवरण

सूचना सार्वजनिक गर्ने निकायको नामः गोश्वारा हुलाक कार्यालय

सूचना सार्वजनिक गरेको अवधिः आ.व. २०७९/८० (२०८० वैशाख देखि २०८० असार मसान्तसम्म)

### (क) निकायको स्वरुप र प्रकृति

गोश्वारा हुलाक कार्यालय हुलाक सेवा विभाग अन्तर्गतको कार्यसंचालनस्तरको प्रमुख कार्यालय हो । यस कार्यालय मातहत १८ वटा जिल्ला हुलाक कार्यालय, काठमाडौं जिल्ला भित्र १५ वटा इलाका हुलाक कार्यालय, ४ वटा हुलाक काउण्टर तथा ५३ वटा अतिरिक्त हुलाक कार्यालय रहेका छन्।

**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**

↓

**हुलाक सेवा विभाग**

↓

**मध्यमाञ्चल क्षेत्रीय हुलाक निर्देशनालय / गोश्वारा हुलाक कार्यालय**

↓ ↓

| जिल्ला हुलाक कार्यालय (१८ जिल्ला) | ईलाक हुलाक/काउन्टर हुलाक |
|---|---|
| १. जि.हु.का.काभ्रे | १. ई.हु.का. सर्वोच्च अदालत |
| २. जि.हु.का.चितवन | २. ई.हु.का. सुन्दरीजल |
| ३. जि.हु.का.दोलखा | ३. ई.हु.का. स्वयम्भु |
| ४. जि.हु.का.धनुषा | ४. ई.हु.का. टोखा |
| ५. जि.हु.का.धादिङ | ५. ई.हु.का. पशुपति |
| ६. जि.हु.का.नुवाकोट | ६. ई.हु.का. साँखु |
| ७. जि.हु.का.पर्सा | ७. ई.हु.का. सचिवालय |
| ८. जि.हु.का.भक्तपुर | ८. ई.हु.का. थानकोट |
| ९. जि.हु.का.मकवानपुर | ९. ई.हु.का. बुढानिलकण्ठ |
| १०.जि.हु.का.महोत्तरी | १०. ई.हु.का. गौचरण |
| ११.जि.हु.का.रसुवा | ११. ई.हु.का. किर्तिपुर |

नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय हुलाक सेवा विभाग गोश्वारा हुलाक कार्यालय काठमाडौं

१२. जि.हु.का. रामेछाप
१३. जि.हु.का. रौतहट
१४. जि.हु.का. ललितपुर
१५. जि.हु.का. बारा
१६. जि.हु.का. सर्लाही
१७. जि.हु.का. सिन्धुपाल्चोक
१८. जि.हु.का. सिन्धुली

१२. ई.हु.का. बालाजु
१३. ई.हु.का. बालुवाटार
१४. ई.हु.का. बाँसबारी
१५. ई.हु.का. फर्पिङ
१६. हुलाक काउन्टर, सिंहदरबार
१७. हुलाक काउन्टर, ठमेल
१८. हुलाक काउन्टर, एयरपोर्ट
१९. हुलाक काउन्टर, बबरमहल

## (क) निकायको काम, कर्तव्य र अधिकार

गोश्वारा हुलाक कार्यालयले साविकको मध्यमाञ्चल क्षेत्रीय हुलाक निर्देशनालय, काठमाण्डौं, जिल्ला हुलाक कार्यालय र वैदेशिक हुलाक कार्यालयको भुमिका निर्वाह गर्दछ । गोश्वारा हुलाक कार्यालयले राष्ट्रिय तथा अन्तराष्ट्रिय साधारण, रजिष्ट्री चिठ्ठीपत्र, साना प्याकेट लगायत हुलाक बस्तुहरुको दर्ता, वितरण गर्ने, आन्तरिक तथा वैदेशिक द्रुत डाँक तथा पुलिन्दा सेवा सञ्चालन गर्ने, बचत बैंक सञ्चालन, पोष्ट बक्स सेवा, एफ.एम रेडियोको लाइसेन्स तथा इजाजतपत्र नविकरण, पत्रपत्रिका दर्ता तथा नविकरण, घुम्ति हुलाक सेवा सञ्चालन लगायतका कार्य गर्दछ। गोश्वारा हुलाक कार्यालय र मातहतका इलाका हुलाक कार्यालय तथा अतिरिक्त हुलाक कार्यालयको कर्मचारी व्यवस्थापन, दैनिक प्रशासन सञ्चालन, अनुगमन र निरीक्षण तथा सम्पादित कार्यको प्रगति बिवरण आवधिक रुपमा माथिल्लो निकायमा पेश गर्ने कार्य समेत गर्दछ ।

## (ख) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

| क्र.स. | पद | श्रेणी/तह | सेवा | समूह/ उपसमूह | दरवन्दी | पदपुर्ति | | | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्थायी | करार | जम्मा | | |
| १ | उपसचिव | रा.प. द्वितिय | प्रशासन | सा.प्र. | १ | १ | ० | १ | ० | |
| २ | शाखा अधिकृत | रा.प.तृतिय | प्रशासन | सा.प्र. | ९ | ५ | ० | ५ | ४ | |
| ३ | लेखा अधिकृत | रा.प.तृतिय | प्रशासन | लेखा | १ | १ | ० | १ | ० | |
| ४ | कम.ईन्जि. | रा.प.तृतिय | विविध | | १ | ० | १ | १ | ० | २०७८।३।१६ मा लो.से.आ. माग भएको तर हालसम्म कार्यान्वयन नभएको |
| ५ | ना.सु. | रा.प.अनं. प्रथम | प्रशासन | सा.प्र. | २८ | २५ | ० | २५ | ३ | २०७९।९।१८ मा लो.से.आ. माग २ पद |
| ६ | लेखापाल | रा.प.अनं. प्रथम | प्रशासन | लेखा | १ | १ | ० | १ | ० | |
| ७ | खरिदार | रा.प.अनं. द्वितिय | प्रशासन | सा.प्र. | १०५ | ९१ | ० | ९१ | १४ | २०७८।९।१९मा लो.से.आ.मा माग १ पद तथा २०७९।९।१४ मा लो.से.आ.मा माग ९ पद |
| ८ | सह लेखापाल | रा.प.अनं. द्वितिय | प्रशासन | लेखा | १ | १ | ० | १ | ० | |
| ९ | सिनियर मिस्त्री | रा.प.अनं. द्वितिय | मे.ई. | | १ | ० | ० | ० | १ | |
| १० | ईलेक्ट्रिसियन | रा.प.अनं. द्वितिय | ईले. | इले. | १ | ० | १ | १ | ० | २०७८।३।१६ मा लो.से.आ. माग भएको तर हालसम्म कार्यान्वयन नभएको |
| ११ | ह.स.चा. | श्रेणीविहिन | ईन्जि. | | ८ | १ | ५ | ६ | २ | |
| १२ | हे.स.चा. | श्रेणीविहिन | ईन्जि. | | ३ | ० | २ | २ | १ | |
| १३ | गाडि मिस्त्री | | | | १ | ० | ० | ० | १ | |
| १४ | हल्कारा | रा.प. अनं. पाचौं | प्रशासन | सा.प्र. | १३४ | ३६ | ७५ | १११ | २३ | २०७८।३।४ मा लो.से.आ. माग ८६ पद तर हालसम्म कार्यान्वयन नभएको |
| १५ | हुलाकी | रा.प. अनं. पाचौं | प्रशासन | सा.प्र. | २० | ११ | ० | ११ | ९ | २०७८।३।४ मा लो.से.आ. माग ८ पद तर हालसम्म कार्यान्वयन नभएको |
| १६ | का.स. | रा.प. अनं. पाचौं | प्रशासन | सा.प्र. | ४० | ७ | १७ | २४ | १६ | |
| १७ | स्विपर | श्रेणीविहिन | प्रशासन | सा.प्र. | ५ | ० | ५ | ५ | ० | |
| | जम्मा | | | | ३६० | १८० | १०६ | २८६ | ७४ | |

### (घ) निकायबाट प्रदान गरिने सेवा

- आन्तरिक तथा वैदेशिक द्रुत डाँक तथा पुलिन्दा सेवा सञ्चालन गर्ने,
- राष्ट्रिय तथा अन्तराष्ट्रिय साधारण, रजिष्ट्री चिट्ठीपत्र, साना प्याकेट लगायत हुलाक वस्तुहरुको दर्ता, संकलन, ओसारपसार तथा वितरण गर्ने,
- पोष्ट बक्स सुविधा प्रदान गर्ने,
- काठमाण्डौं जिल्लाका लागि हुलाक बचत बैंक सञ्चालन गर्ने,
- काठमाण्डौं जिल्लाभित्रका १०० वाट सम्मको एफएम रेडियोको इजाजत तथा लाइसेन्सको नविकरण र ५०० वाट सम्मको एफएम रेडियोको लाइसेन्सको नविकरण तथा पत्रपत्रिका दर्ता र नविकरण गर्ने,
- घुम्ति हुलाक सेवा मार्फत काठमाण्डौं उपत्यका भित्र हुलाक वस्तुको दर्ता तथा वितरण गर्ने
- राहदानी विभागबाट प्राप्त भएका विभिन्न जिल्लाका ई-राहदानी सम्वन्धित जिल्लामा ढुवानी गर्ने
- हुलाक वस्तुको आदानप्रदानको क्रममा आइपरेका समस्याको सुनुवाई गर्ने।

### (ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

| क्र.सं. | शाखा | जिम्मेवार अधिकारी |
|---|---|---|
| १. | प्रशासन तथा योजना शाखा | शा.अ.श्री गौतम रिमाल |
| २. | पोष्टबक्स तथा आर्थिक सेवा शाखा | शा.अ.श्री विष्णुलाल श्रेष्ठ |
| ३. | दर्ता वितरण शाखा | शा.अ.श्री लोकनाथ सुवेदी |
| ४. | अनुसन्धान शाखा | शा.अ.श्री लोकनाथ सुवेदी |
| ५. | डाँक शाखा | शा.अ.श्री प्रदीप कुमार श्रेष्ठ |
| ६. | पुलिन्दा शाखा | शा.अ.श्री गौतम रिमाल |
| ७. | द्रुत डाँक शाखा | शा.अ.श्री विष्णु कुमारी भट्टराई |
| ८. | आर्थिक प्रशासन शाखा | ले.अ.श्री यमलाल बेल्बासे |
| ९. | अनुगमन तथा मुल्याङ्कन शाखा | शा.अ.श्री गौतम रिमाल |
| १०. | हुलाक बचत बैंक शाखा | शा.अ.श्री गौतम रिमाल |

### (च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

कार्यालयको नागरिक बडापत्रमा उल्लेख भए अनुसार हुने।

### (छ) निर्णय गर्ने प्रक्रिया र अधिकारी

सम्वन्धित शाखाको शाखा प्रमुखको पहलमा निर्णय प्रक्रिया आरम्भ भई कार्यालय प्रमुखबाट (आवश्यकता अनुसार हुलाक सेवा विभागबाट) निर्णय हुने ।

### (ज) निर्णय उपर उजुरी सुन्ने अधिकारी

प्रमुख हुलाक अधिकृत ; श्री राजु कुंवर

(झ) आ.व. २०७९/८० को बैशाख देखि असार मसान्तसम्म सम्पादन गरेको कामको विवरण

**१.प्रशासन शाखाः**

- नियुक्ति, काज, रमाना, बिदा अभिलेख, तालिममा कर्मचारी मनोनयन र सिफारिस लगायतका कर्मचारी प्रशासन सम्बन्धी कामहरु भएको,
- गोश्वारा हुलाक कार्यालय तथा मातहतका इलाका र अतिरिक्त हुलाक कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण अद्यावधिक गर्ने कार्य,
- मातहतका निकायहरुमा आवश्यकतानुसार पत्राचार, अनुगमन तथा निरीक्षण गरिएको,
- तालुक निकायहरुमा आवधिक रुपमा प्रतिवेदन र
- मातहत र तालुक निकायहरुमा समन्वयको कार्य गरिएको।

**२.अनुसन्धान शाखाः**

| सि.नं. | विषय | अनुसन्धान शाखा | कल सेन्टर | जम्मा |
|---|---|---|---|---|
| १ | विदेशबाट सोधनी भई आएका (CN08 Incoming) | ९ | - | ९ |
| २ | विदेशबाट सोधनी गरी पठाईएका(CN08 Outgoing) | ३ | - | ३ |
| ३ | खोजी सम्बन्धी प्राप्त आन्तरिक पत्र | ७४ | - | ७४ |
| ४ | खोजी सम्बन्धी चलान गरिएका आन्तरिक पत्र | ३३ | - | ३३ |
| ५ | टेलिफोनबाट गरिएका सोधनी | | | |
| | **Letter:** | | | |
| | Registry | ६७६ | ३३१ | १००७ |
| | Ordinary | ४१० | ४०० | ८१० |
| | **EMS** | १२ | - | १२ |
| | **Parcel** | २४ | - | २४ |
| ६ | सेवाग्राही आफै आई गरिएका सोधखोज | | | |
| | **Letter:** | | | |
| | Registry | २७४ | २२७ | ५०१ |
| | Ordinary | २३५ | ३५३ | ५८८ |
| | **EMS** | ८ | - | ८ |
| | **Parcel** | ३ | - | ३ |
| ७ | फिर्ता भएका आन्तरिक पत्रको दर्ता (RLO) | - | - | - |
| ८ | फिर्ता भएका वैदेशिक पत्रको दर्ता (RLO) | - | - | - |
| ९ | अन्य<br>ईमेल मार्फत सेवाप्रवाह र अनुसन्धान गरिएको | ७९ | - | ७९ |
| १० | फेसबुक मार्फत सोधनी गरिएका | ४६ | - | ४६ |

## ३.दर्ता वितरण शाखाः

- टिकट बिक्रीबाट प्राप्त रकम - रु २,४७,८००।-
- वितरण भएको स्वदेशी साधारण चिठीपत्रको संख्या - ३६५०४
- वितरण भएको विदेशी साधारण चिठीपत्रको संख्या - १५४०१
- पत्रपत्रिका दर्ता तथा नविकरण संख्या - ३७
- एफ. एम नविकरण संख्या - २५
- स्वदेशी तथा विदेशी प्याकेट डेलिभरी संख्या - १५०४३
- वितरण भएको चिठ्ठीपत्र एवं पार्सलहरुको संख्या - २९१३
- वितरण भएको रजिष्ट्री चिठ्ठीपत्रको संख्या - १०३२१६

## ४.ई.एम.एस शाखाः

### वैदेशिक ई.एम.एस तर्फ

| कामको विवरण | महिना | ई.एम.एस दर्ता | | ई.एम.एस पैठारी | | जिल्ला पठाएको ब्याग | जिल्ला पठाएको संख्या | आन्तरिक द्रुत डाँकको लागि पठाएको चिठ्ठी पत्र | मेल सेन्टर पठाएको चिठ्ठी पत्र | पोष्टम्यान डेलिभरी पठाएको चिठ्ठीपत्र | फाईनल डेलिभरी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सामान | चिठ्ठीपत्र | सामान | चिठ्ठीपत्र | | | | | | |
| परिमाण | बैशाख | ३४ | ३१ | ६११ | १५९६ | ५० | ९४ | ४६८ | २१ | १४१ | १४९५ |
| | जेठ | ७४ | ६९ | ७७० | १९७१ | १०० | १६९ | ५७० | ३२ | १२३ | १८९७ |
| | आषाढ | ८३ | १०२ | ५९६ | १८८६ | ८१ | १४५ | ५४४ | २२ | १३२ | १८४३ |

### आन्तरिक ई.एम.एस तर्फ

| महिना | कामको विवरण | ई.एम.एस पैठारी चिठ्ठी पत्र | जिल्ला पठाएको चिठ्ठी पत्र | मेल सेन्टर तथा ई.एम.एस शाखा पठाएको चिठ्ठी पत्र | पोष्ट म्यान डेलिभरी पठाएको चिठ्ठी पत्र |
|---|---|---|---|---|---|
| बैशाख | परिमाण | १३३६ | ९९० | - | २७१ |
| जेठ | परिमाण | २४३३ | १२९३ | ५ | २६१ |
| आषाढ | परिमाण | १६०९ | १२३९ | २ | ३०९ |

## ५. डाँक शाखाः

- आन्तरिक रजिष्ट्रीको संख्या - २७९३६७
- वैदेशिक रजिष्ट्रीको संख्या
  - आयात जम्मा चिठ्ठी - ५३६३
    जम्मा प्याकेट - १३०१
  - निर्यात रजिष्ट्री - ९४१९
    साधारण - ४२८५८
- वैदेशिक साधारण पोष्टकार्ड - ११२५००
- साधारण नेपाली चिठ्ठी - १२३००
- साधारण विदेशी चिठ्ठी - १६२००
- वैदेशिक साधारण प्याकेट - ७७२१

## ६. घुम्ती शाखाः

- घुम्ती १, घुम्ती २ र घुम्ती ३ का गाडीहरुबाट संकलित चिठ्ठीपत्रको संख्या - ३४२५६
- घुम्ती १, घुम्ती २ र घुम्ती ३ का गाडीहरु मार्फत डेलिभरि भएका चिठ्ठीपत्रको संख्या- ४५३५२
- आ.व. २०७९/८० को प्रथम त्रैमासिकमा घुम्ती शाखा बाट आर्जन भएको राजस्वः रु. ३७,८०,१५५।-
- टिकट बिक्रीबाट प्राप्त रकमः रु. १,९९,०००।-

## ७.पोष्ट बक्स तथा आर्थिक सेवा शाखाः

| | |
|---|---|
| नयाँ पोष्ट बक्स दर्ता | - ७३ वटा |
| पोष्ट बक्स नविकरण | - ४९९ वटा |
| पोष्ट बक्स दर्ताबाट प्राप्त धरौटी रकम | - रु १,११,०००।- |
| पोष्ट बक्स दर्ता र नवीकरणबाट प्राप्त राजस्व | - रु ५,५६,२१०।- |
| सक्रिय पोष्ट बक्स संख्या | - ५४२९ वटा |
| बन्द गरेको पोष्ट बक्स संख्या | - ३१ वटा |
| हुलाक टिकट बिक्रीबाट प्राप्त राजस्व | - रु.१,४४,६४,२७८।- |

## ८.अनुगमन शाखाः

अनुगमन शाखा मार्फत आ.व. २०७९/८० को चौथो त्रैमासिकमा गरिएका कार्यहरुः

| क्र.सं. | कार्यहरु |
|---|---|
| १. | गोश्वारा हुलाक कार्यालयले गरेको हुलाक वस्तुको आयात-निर्यातको मासिक विवरण तयार |
| २. | गोश्वारा हुलाक अन्तर्गतका जिल्ला हुलाक कार्यालयले गरेको हुलाक वस्तु आयात-निर्यातको मासिक विवरण तयार |
| ३. | गोश्वारा हुलाक कार्यालय मातहतका इलाका हुलाक कार्यालयले गरेको हुलाक वस्तु आयात-निर्यातको मासिक विवरण तयार |
| ४. | हुलाक सेवा विभाग मार्फत गरिएका परिपत्रहरुलाई गोश्वारा हुलाक कार्यालय मार्फत मातहतका कार्यालयहरुमा पत्राचार गरिएको |
| ५. | आन्तरिक तथा वैदेशिक चिट्ठीपत्र, हुलाक वस्तुहरुको खोजतलास सम्बन्धि कार्यहरुमा सहजीकरण गरिएको |
| ६. | जिल्ला हुलाक तथा इलाका हुलाक कार्यालयहरुमा IPS.Post र PITS को सञ्चालनमा आएका समस्या समाधानमा समन्वयकारी भूमीका निभाइएको |
| ७. | डाँक सम्बन्धि समस्याहरुको समाधान गर्न आवश्यकताअनुसार मातहतका जिल्ला हुलाक कार्यालयहरुमा पत्राचार तथा समन्वय गरिएको |
| ८. | अभिलेख व्यवस्थापन लगायतका नियमित रुपमा गरिने कार्यहरु गरिएको |
| ९. | दैनिक प्रशासनिक कार्यहरु दर्ता, चलानी लगायतका कार्यहरु गरिएको । |

## ९.पार्सल शाखाः

| | Foreign Parcel | | | | | | Internal Parcel | | |
|---|---|---|---|---|---|---|---|---|---|
| Month | Total Inbound Mail Bag (Parcel +M Bag) | Total Inbound Ktm Valley+ District (Air +Sea) | District dispatch (parcels +M-bag) | Total delivered | Total Outbound | | RA.PU | DHA.PU. | TI.PU |
| | | | | | No.of Parcel | No. of Bag | | | |
| Baisakh | 406 | 602 | 165 | 565 | 78 | 66 | 437 | 1 | 26 |
| Jestha | 450 | 655 | 198 | 206 | 113 | 87 | 534 | 5 | 34 |
| Ashad | 514 | 758 | 212 | 150 | 182 | 135 | 529 | 2 | 40 |

(ञ) सूचना अधिकारी र प्रमुखको नाम र पद

कार्यालय प्रमुख ; श्री राजु कुँवर (प्रमुख हुलाक अधिकृत)
सूचना अधिकारी ; श्री गौतम रिमाल (शाखा अधिकृत)

(ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

- निजामती सेवा ऐन,२०४९
- निजामती सेवा नियमावली,२०५० (संशोधन सहित)
- हुलाक ऐन, २०१९
- हुलाक नियमावली, २०२०
- हुलाक बचत बैंक नियमावली, २०३४
- हुलाक सेवा कार्यविधी निर्देशिका, २०६३
- अतिरिक्त हुलाक नियमावली, २०३४
- हुलाक बचत बैंक कार्यसञ्चालन निर्देशिका, २०७३
- आवश्यकतानुसार सम्बद्ध अन्य ऐन, नियम, निर्देशिकाहरु।

(ठ) आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण:

आ.व. २०७९/०८० को आर्थिक विवरण

| बजेट शिर्षक | चालु बजेट | पूँजीगत बजेट | जम्मा |
|---|---|---|---|
| विनियोजन | १९,७५,४५,०००।- | १,६०,००,०००।- | २१,३५,४५,०००।- |
| खर्च | १८,७०,८६,३७९।२१ | १,०४,२५,८५०।- | १९,७५,१२,२२९।२१ |
| खर्च प्रतिशत | ९४.७१% | ६५.१७% | ९२.४९% |

आ.व २०७९/८० मा संकलन भएको राजश्व : रु ९,१९,४४,०३०।-

(ड) हुलाक वस्तुको आयात निर्यातमा वैदेशिक हुलाक भन्सार अन्तर्गतबाट संकलन भएको राजस्व :

- आयाततर्फ : रु. १,३२,४९,०००।-
- निर्याततर्फ : रु. १०,३२,५२,०००।-

गोश्वारा हुलाक कार्यालयको ईमेल, वेबसाइट र फोन नं.

ईमेल: generalpostofficenepal01@gmail.com, वेबसाइट: https://www.gpo.gov.np/
फोन नं. ०१-४४१२९२४, ०१-४४४३९०९